# प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना:** सामाजिक न्याय र बाल अधिकार सुनिश्चित हुने सभ्य समाज निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हितको लागि बाल संरक्षण संयन्त्रको विकास र सुदृढीकरण गर्न प्रदेश सरकारलाई आवश्यक सहयोग, समन्वय तथा नीति राय सुझाव दिन प्रदेश बाल अधिकार समिति गठन गर्न वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० बमोजिम प्रदेश सरकारले यो कार्यविधि वनाई जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेश बालअधिकार समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिहरुलाई सम्झनु पर्छ।

(घ) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित प्रदेश बाल अधिकार समिति सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले प्रदेश बाल अधिकार समितिको सदस्य सम्झनु पर्छ।

## परिच्छेद-२

## बाल अधिकार समिति सम्बन्धी व्यवस्था

३. **प्रदेश बाल अधिकार समितिको गठन:** (१) प्रदेशभित्र बालबालिका संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी एक प्रदेश बाल अधिकार समिति गठन गरिएको छः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश योजना आयोगको बालबालिका सम्बन्धी काम गर्ने सदस्य -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय - सदस्य

(घ) सचिव आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) प्रमुख जिल्ला अधिकारी, प्रदेश राजधानी भएको जिल्ला प्रशासन कार्यालय - सदस्य

(छ) बाल अधिकारको क्षेत्रमा कम्तिमा ५ वर्ष योगदान पुऱ्याउने व्यक्ति वा विशेषज्ञ मध्येबाट समावेशीताको आधारमा मन्त्रालयबाट मनोनित ३ जना - सदस्य

(ज) प्रदेश प्रतिनिधि, राष्ट्रिय बाल अधिकार परिषद् - सदस्य

(झ) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरुलाई पुनः मनोनयन गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले पदीय जिम्मेवारी इमान्दारी पूर्वक पुरा नगरेमा निजलाई जुनसुकै बखत हटाउन सकिनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

४. **समितिका सदस्यको पद रिक्त हुन सक्नेः** (१) दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले अध्यक्ष मार्फत मन्त्रालय समक्ष लिखित रुपमा राजिनामा दिएमा,

(ख) निज बिना सूचना लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(ग) निजको कार्यकाल समाप्त भएमा,

(घ) मन्त्रालयले सदस्यबाट हटाएमा,

(ङ) निजको मृत्यु भएमा।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम समितिको कुनै पद रिक्त भएमा त्यस्तो पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्र र प्रक्रियाबाट त्यस्तो सदस्य मनोनयन गरिएको हो सोही क्षेत्र र प्रक्रिया अपनाई बाँकी कार्यकालका लागि मनोनयन गर्नु पर्नेछ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना समितिको बैठक बस्नुभन्दा पाँच दिन अगावै समितिका सदस्यलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) समितिले आफ्नो बैठकमा बालबालिकाको क्षेत्रमा कार्य गर्ने कुनै व्यक्ति वा सो विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बाल अधिकार संरक्षण तथा प्रबर्द्धन सम्बन्धमा समन्वय र सहजीकरण गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहको बालबालिका सम्बन्धी अवस्था, नीति तथा कार्यक्रमको विश्लेषण गरी नीतिगत सुझाव प्रदान गर्ने,

(ग) बालबालिका सम्बन्धी सवालहरुको प्राथमिकता निर्धारण गरी प्रादेशिक अभियान सञ्चालनका लागि उत्प्रेरीत गर्ने,

(घ) बालमैत्री प्रदेश निर्माणका लागि सरोकारवाला निकायसँग समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ङ) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि तथा दस्तावेज लगायत नेपाल सरकारले जारी गरेका बालबालिका सम्बन्धी कानूनी प्रवाधानहरुको कार्यान्वयनका गर्न बजेट व्यबस्थापनका लागि सहजीकरण गर्ने,

(च) समितिको दीर्घकालिन, आवधिक र बार्षिक योजना निर्माण एवम् नीतिगत निर्णयहरु गर्ने,

(छ) प्रदेश भित्र बालबालिका सम्वन्धी कार्य गर्ने अन्तरराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थाहरुको सूचीकरण, सेवा मापन तथा परिचालन गर्ने,

(ज) प्रदेशस्तरको बाल गृह, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र एवं कुनै पनि प्रकृतिका बाल संरक्षण संस्थाहरुको अनुगमन गर्ने,

(झ) जोखिममा रहेका बालबालिकाको उद्धारका लागि समन्वय, सहजीकरण गर्ने तथा बिशेष संरक्षण आवश्यक भएका बालबालिकालाई व्यवस्थापनको सहजीकरण गर्ने,

(ञ) बालबालिका खोजतलास समन्वय केन्द्र १०४ र बाल हेल्पलाइन १०९८ सञ्चालन सहयोग तथा सहजीकरण गर्ने,

(ट) बाल अधिकार संरक्षण तथा विकासका लागि आवश्यक संयन्त्र निर्माण, सवलीकरण र क्षमता विकासका कार्यहरु गर्ने,

(ठ) प्रदेशमा बालबालिकाको अवस्था सम्बन्धी बार्षिकरुपमा प्रदेश बाल अधिकारको स्थितिपत्र प्रकाशन गर्ने,

(२) समितिको सचिवालय मन्त्रालयमा रहनेछ र सचिवालयको काम सामाजिक विकास सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।

## परिच्छेद-३
## विविध

७. **बैठक भत्ता**: (१) समितिका सदस्यले बैठकमा भाग लिए बापत प्रदेश सरकारबाट स्वीकृत प्रचलित खर्च मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(२) समितिको सचिवालय खर्च तथा बैठक भत्ता बापतको खर्च मन्त्रालयको स्वीकृत वार्षिक बजेटबाट व्यहोरिनेछ।

८. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने**: समितिले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

९. **अधिकार प्रत्यायोजन**: समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव वा प्रदेश सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. **निर्देशन दिन सक्ने**: प्रदेश सरकारले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ।

११. **कार्य दल गठन गर्न सक्ने**: (१) समितिले कुनै खास विषयको अध्ययन, बालबालिका सम्बन्धमा भएका कुनै घटना एवम् यस्तै प्रकृतिका कार्यका लागि समितिको सदस्य र विज्ञ संलग्न कार्यदल गठन गर्न गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यदलले आफूले गरेका कामको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश गरेपछि उपदफा (१) बमोजिम गठन भएको कार्यदल स्वतः विघटन हुनेछ।

१२. **प्रदेश सरकारसँग सम्पर्क**: समितिले प्रदेश सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

१३. **कार्यविधिमा संशोधन वा हेरफेरः** प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।